# गौरीगङ्गा राजपत्र

गौरीगङ्गा नगरपालिकाद्वारा प्रकाशित

खण्ड ५ चौमाला, कैलाली चैत्र १३ गते आईतबार, २०७८ साल, (संख्या १७)

भाग -३

## स्वास्थ्य सुरक्षा कोष सञ्चालन कार्यविधि, २०७८

<u>प्रस्तावनाः</u> नेपालको संविधानले प्रत्याभूत गरेको निःशुल्क आधारभूत स्वास्थ्य सेवा तथा आकस्मिक स्वास्थ्य सेवा पाउने हक कार्यान्वयन गर्न र स्वास्थ्य सेवालाई नियमित प्रभावकारी गुणस्तरीय तथा सर्वसुलभ तुल्याई नागरिकको पहुँच स्थापित गर्नका लागि आवश्यक महसुस गरी नगर बासीहरूको स्वास्थ्य सेवामा प्रभावकारी पहुँच पुराउन र स्वास्थ्य सुरक्षा जोखिमलाई न्यूनीकरण,आकस्मिक घटना वा आपतकालिन अवस्थामा परी जीवन जोखिमयुक्त अवस्थामा रहेका व्यक्तिहरूको जीवनलाई जोखिम मुक्त गर्न,जीवन वा अङ्ग गुम्नबाट बचाउन आवश्यकता अनुसार दिनुपर्ने प्रारम्भिक तथा तत्काल सेवा प्रदान गर्न कालागि जनस्वास्थ्य सेवा ऐन, २०७५ तथा जनस्वास्थ्य नियमावली,२०७७ ले सुनिश्चित गरेको नागरिकको निःशुल्क र सर्व सुलभ स्वास्थ्य सेवा पाउने अधिकार लाई सुनिश्चित गर्ने उद्देश्यका साथ गौरीगङ्गा नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७६ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी स्वास्थ्य सुरक्षा कोष सञ्चालन कार्यविधि, २०७८ जारी गरिएको छ ।

<u>१.संक्षिप्त नाम र प्रारम्भः</u> १) यो कार्यविधिको नाम स्वास्थ्य सुरक्षा कोष सञ्चालन कार्यविधि, २०७८ रहेको छ।

२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा:** १) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिः

क) "कार्यालय" भन्नाले गौरीगङ्गा नगरपालिका कार्यालय सम्झनु पर्छ ।

ख) "कोष" भन्नाले नियम ३ बमोजिमका स्वास्थ्य सुरक्षा कोष सम्झनुपर्छ।

ग) "नगर बासी" भन्नाले गौरीगङ्गा नगरपालिकामा बसोबास गर्ने महानुभावलाई जनाउने छ साथै ठेगाना पत्ता नलागेको नगर क्षेत्रमा रहेको व्यक्तिलाई समेत सम्झनु पर्छ ।

घ) "सञ्चालक समिति" भन्नाले नियम ७ बमोजिमका कोष सञ्चालक समिति सम्झनु पर्छ।

(ङ) "गैर सरकारी संस्था" भन्नाले प्रचलित कानुन बमोजिम स्थापना भई स्थानीय तहसँग समन्वय गरी कार्य गर्ने नाफा रहित सामाजिक संस्थालाई सम्झनु पर्छ ।

(च) "बाल कोष" भन्नाले गौरीगङ्गा नगरपालिमा गठित आपतकालिन महिला तथा बालबालिका संरक्षण कोष, २०७७ लाई सम्झनु पर्दछ ।

(छ) "नगरपालिका "भन्नाले गौरीगङ्गा नगरपालिका सम्झनु पर्छ ।

(ज) "कार्यपालिका" भन्नाले गौरीगङ्गा नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

**३. कोषको स्थापना:** १) स्वास्थ्य सुरक्षा कोष नामको एक कोष स्थापना गरिएको छ।

२) कोषमा देहाय बमोजिमका रकमहरू रहनेछन्।

क) नगर कार्यपालिकाबाट विनियोजित रकम,

ख) सङ्घीय वा प्रदेश सरकारबाट प्राप्त रकम,

ग) कुनै व्यक्ति, गैरसरकारी तथा निजी सङ्घ संस्था बाट प्राप्त रकम,

घ) अन्य कुनै श्रोतबाट प्राप्त रकम ।

३) उपनियम १ बमोजिमको रकम बैङ्कमा छुट्टै खाता खोली जम्मा गरिनेछ ।

४) कोषको खाताका सञ्चालन कोष सञ्चालन समितिका संयोजक तथा सदस्य सचिवको संयुक्त दस्तखतबाट हुनेछ ।

गौरीगङ्गा राजपत्र

<u>४. कोषको प्रयोग</u>१) कोषको रकम देहायको कार्यमा प्रयोग गरिनेछः-

क) तत्काल उद्धार गर्न,

ख) औषधी सेवा शुल्क उपलब्ध गराउन,

ग) प्रेषण कार्यका लागि एम्बुलेन्स सेवा प्रदान गर्न

२) उपनियम १)मा जुनसुकै कुरा लेखिएको भए तापनि सञ्चालक समितिले बालबालिका असहाय एकल महिला गरिब जनजाति अल्पसङ्ख्यकलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

३) कोषको रकम नियम ४ को १ र २ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

४) उपनियम ३) मा जुनसुकै कुरा लेखिएको भए ता पनि सञ्चालक समितिको सचिवालय तथा बैठक सञ्चालन गर्न लाग्ने खर्चका लागि कोषको रकम उपयोग गर्न सकिनेछ ।

<u>५.सञ्चालक समिति गठनः-</u>१) कोषको सञ्चालन गर्न एक कोष सञ्चालक समिति रहनेछ ।

२) सञ्चालक समितिको गठन देहायबमोजिम हुनेछ ।

क) सम्बन्धित वडाका वडा अध्यक्ष - संयोजक

ख)वडामा कार्यरत महिला स्वास्थ्य स्वयम सेविका मध्ये १ जना -सदस्य

ग) वडा स्वास्थ्य संस्थाका प्रमुख - सदस्य सचिव

३) सञ्चालक समितिको सचिवालय वडामा रहेको स्वास्थ्य संस्थामा रहनेछ ।

४) आवश्यकताअनुसार सम्बन्धित विषयका विज्ञ तथा सरोकारवाला महानुभावहरूलाई आमन्त्रण गर्न सकिनेछ ।

<u>६.सञ्चालक समितिको काम कर्तव्य र अधिकारः-</u>१) सञ्चालक समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

क) वडामा रहेका सेवा प्रदान गर्नु पर्ने तथा स्वास्थ्यको पहुँचमा नरहेकाको पहिचान गर्ने वा गर्न लगाउने ।



गौरीगङ्गा राजपत्र

ख)थप स्वास्थ्य उपचार गर्न प्रेषण गर्नु परेमा सो को व्यवस्था मिलाउने ।

ग) नगरपालिका भित्र सबैलाई सर्व सुलभ तथा निःशुल्क आधारभूत स्वास्थ्य सेवाको व्यवस्था गर्ने ।

घ) आर्थिक अभावमा स्वास्थ्य सेवा पाउँन बाट वञ्चित रहेकाहरूलाई सेवा को व्यवस्था मिलाउने ।

ङ) तत्काल माथिल्लो तहको स्वास्थ्य सेवा प्राप्त हुने स्वास्थ्य संस्थामा प्रेषण नगरेमा हुन सक्ने सम्भावित जोखिमलाई न्यूनीकरण गर्न आवश्यक निर्णय लिने ।

९. कोषको रकम प्रयोगको आधार: १) यस कार्यविधि बमोजिम स्वास्थ्यमा पहुँच नभएका वा असहज भएकालाई सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराइने छः-

क) प्रेषण कार्यका लागि नजिकको सेवा प्राप्त हुने स्वास्थ्य संस्था सम्मको एम्बुलेन्स सेवा प्रदान गर्ने

ख) आकस्मिक रूपमा गर्नु पर्ने औषधि उपचार सेवा प्रदान गर्न आर्थिक अभाव भई आकस्मिक औषधि उपचारका लागि सहयोग माग भई आएमा सञ्चालक समितिको निर्णय अनुसार १ पटकका लागि रु ३,०००।– (तीन हजार) रकम नबढ्ने गरी सेवा उपल्बद्ध गराउने ।

१०. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनुपर्ने: १) यस कार्यविधि बमोजिम सहयोग प्राप्त गर्न चाहने स्वास्थ्यमा पहुँच नभएका वा असहज भएका व्यक्ति वा निजको परिवारका सदस्यले सहयोग पाउनु पर्ने मनासिब कारण खुलाई स्वास्थ्य संस्थामा निवेदन दिनुपर्नेछ ।

२)उपनियम (१) बमोजिम प्राप्त भएका निवेदन जाँचबुझ गर्दा तत्काल उपचार सहयोग गर्नुपर्ने देखिएमा सञ्चालक समितिले नियम ९ को अधीनमा सहयोग उपलब्ध गराउनेछ ।

३) नियम १० मा जे सुकै लेखिएको भएता पनि नगरपालिका भित्र कुनै असहाय वा नाम ठेगाना नखुलेको व्यक्ति तत्काल उपचार नगराउँदा निजको ज्यानमा समेत असर पर्न सक्ने अवस्था देखिएका नियम ५ बमोजिमका कुनै सदस्यले समितिका सदस्यहरुसँग फोनबाट समेत छलफल गरी समितिको बैठकमा अनुमोदन गर्ने गरि नियम ९ बमोजिमको खर्च गर्न गराउन सक्ने छन् ।

गौरीगंगा राजपत्र

११. थप रकम निकासा माग गर्न सक्ने: १) नगर कार्यपालिकाबाट निकासा भएको रकम अपर्याप्त भएमा सञ्चालक समितिले सो को कारण खुलाई नगरपालिकासँग थप रकम माग गर्न सक्नेछ ।

२) उपदफा(१) बमोजिम थप रकम माग भई आएमा नगर कार्यपालिकाले कार्यालयको आवश्यकता र औचित्य हेरी कोषमा थप रकम निकासा दिन सक्नेछ ।

१२. छुट्टै खाता खोल्नुपर्ने: १) कार्यालयले कार्यपालिकाबाट प्राप्त भएको रकम कार्यालयको नाममा कुनै बैङ्कमा छुट्टै खाता खोली जम्मा गर्नु पर्नेछ ।

२) उपनियम (१) बमोजिमको खाताको सञ्चालन सञ्चालक समितिका संयोजक र सदस्य सचिवको संयुक्त दस्तखतबाट हुनेछ ।

१३. कोषको लेखा र लेखा परीक्षण: १) कोषको आयव्ययको लेखा प्रचलित कानुन बमोजिम राखिनेछ।

२) कोषको लेखा परीक्षण नगरपालिकाले गर्नेछ ।

१४. कोषको रकम फ्रिज नहुने: यो कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्य सम्म बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

१५. प्रतिवेदन पेस गर्ने: १) समितिले प्रत्येक ६ महिनामा सो समितिबाट भए गरेका कामकारबाहीको प्रतिवेदन कार्यपालिकामा पठाउनु पर्नेछ ।

२) सञ्चालक समितिले आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र सो समितिबाट अघिल्लो आर्थिक वर्ष भरिमा भए गरेका काम कारबाहीको प्रतिवेदन नगरपालिकाको कार्यपालिका समक्ष पेस गर्नुपर्नेछ ।

३) नगरपालिकाले उपनियम २) बमोजिमको प्रतिवेदन सार्वजनिक गर्न सक्नेछ ।

१६. बैठक भत्ता: सञ्चालक समिति वा राहत समितिका अध्यक्ष वा सदस्यले सो समितिको बैठकमा भाग लिए बापत नगरपालिकाले तोके बमोजिमको भत्ता प्राप्त गर्न बाधा पुग्ने छैन् ।

१७. निर्देशन दिन सक्ने: १) नगर कार्यपालिकाले सञ्चालक समितिका कामकारबाहीका सम्बन्धमा सो समितिलाई आवश्यक निर्देशन तथा सुझाव दिन सक्नेछ।

२) उपनियम १ बमोजिम दिइएको सुझाव तथा निर्देशनको पालना गर्नु सञ्चालक समितिको कर्तव्य हुनेछ ।



गौरीगङ्गा राजपत्र

<u>१८. सञ्चालक समितिको बैठक र निर्णय:</u> १) सञ्चालक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

२)सञ्चालक समितिको बैठक अध्यक्षले तोकेको मिति समय र स्थानमा बस्नेछ ।

३) सञ्चालक समितिको बैठक आपतकालिन अवस्था बाहेक अन्य समयमा बैठक बस्नु भन्दा कम्तीमा २४ घण्टा अगावै सञ्चालक समितिका सदस्य सचिवले बैठकमा छलफल हुन कार्यसूची सहितको सूचना सबै सदस्यहरूलाई दिनुपर्नेछ ।

४) सञ्चालक समितिका कुल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

५) सञ्चालक समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

६) सञ्चालक समितिले बैठकमा आवश्यकता अनुसार नगरपालिकाको कुनै कर्मचारी ,पदाधिकारी वा अन्य कुनै व्यक्तिलाई समितिको बैठकमा पर्यवेक्षकका रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

७) सञ्चालक समितिको निर्णय सो समितिका सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

८) सञ्चालक समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

२०) कुनै कारण बस कोष सञ्चालन गर्न आवश्यक नदेखिएमा नगर कार्यपालिकाको निर्णयबाट कोष खारेज गर्न सकिनेछ ।

२) उपदफा (१) बमोजिम कोष खारेज भएमा कोषको रकम हस्तान्तरण सम्बन्धी निर्णय नगर कार्यपालिकाको बैठकबाट हुनेछ ।

आज्ञाले
हरिदत्त भट्ट
प्रमुख प्रशासकिय अधिकृत

गौरीगङ्गा राजपत्र